# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०७९ तयार हुँदै

काठमाडौं, जेठ ५

यस वर्षको मनसुनजन्य विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न र राहत तथा उद्धारको कामलाई प्रभावकारी बनाउनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निर्माण गरिरहेको छ ।

कार्ययोजनाको प्रारम्भिक मस्यौदामाथि यही जेठ ५ गते गृह मन्त्रालय, प्राधिकरण, सम्बन्धित मन्त्रालयहरु तथा विभागहरु, विषयगत क्षेत्रहरु र गैरसरकारी संस्थाहरुबीच छलफल भयो ।




उक्त छलफलमा गृह मन्त्रालयका सहसचिव प्रदीप कोइरालाले पूर्वतयारी कार्ययोजनामा सत्य तथ्य जानकारी समावेश गर्नुपर्नेमा जोड दिंदै कार्यान्वयन गर्दा दोहोरोपनको समस्या, असन्तुलन आदि शुरुवातमै निवारण गर्न सकिने धारणा राख्नुभयो ।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले सम्बन्धित विषयगत मन्त्रालय, विपदका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई आफूहरुले गर्ने सम्भावित क्रियाकलापहरु, त्यस सम्बन्धी स्रोत लगायतका विषयहरु प्राधिकरणमा यथाशीघ्र पठाउन आग्रह गर्नुभयो ।

छलफलमा प्राधिकरणका प्रवक्ता डा. डिजन भटट्राईले २०७८ का मनसुनजन्य विपद्बाट भएका क्षति, सम्बन्धित विषयगत मन्त्रालयहरु तथा विषयगत एजेन्सीहरुबाट भएका प्रतिकार्यका प्रयास तथा त्यसक्रममा भएका राम्रा प्रयास तथा सिकाईहरु समेटेर प्रस्तुतीकरण गर्नुभएको थियो ।

डा. भट्टराईले सिन्धुपाल्चोकको बाढी निरीक्षणमा ड्रोनको प्रयोग, कर्णालीमा विपद् सम्बन्धी बिमा प्रणालीको थालनी गरिएको, स्थानीय तहमा स्वयंमसेवकको व्यवस्था गरिएको लगायतका राम्रा अभ्यासहरु भएको उल्लेख गर्नुभयो ।

त्यसक्रममा डा. भट्टराईले प्रतिकार्य गतिविधिहरु कार्यान्वयन गर्न कार्यविभाजनको कमी देखिएको, तालमेल र सञ्चार अभाव भएको तथा दोहोरोपना जस्ता चुनौतीहरु देखिएको पनि उल्लेख गर्नुभयो । विपद् प्रतिकार्यका लागि उद्दार र राहत सामाग्री व्यवस्थित रुपले भण्डारण अति आवश्यक भएकोमा प्रवक्ता भटट्राईको जोड थियो ।

कार्ययोजना निर्माणमा सहयोग गर्दै आएको युएनडिपीका विपद् विज्ञ टिबेन्द्र राज बाँस्कोटाले यस वर्षको मनसुनजन्य विपद्बाट करिब १७ लाख सर्वसाधारण प्रभावित हुनसक्ने उल्लेख गर्दै राहत तथा प्रतिकार्य स्वरुप गरिने क्रियाकलापहरु, स्रोतको अवस्था, उपलब्ध जनशक्ति, सहयोगी निकाय र समयसीमा प्रष्ट उल्लेख गरी योजना तयार गर्नुपर्नेमा जोड दिनुभयो ।



प्राधिकरणबाट मनसुन अगावै कृत्रिम अभ्यास सञ्चालन गर्न बाँकी जिल्लाहरुलाई रकम उपलब्ध गराईने जानकारी गराइयो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय पालिकाहरुको भूमिका नै महत्वपूर्ण हुने हुनाले पालिकाहरुलाई नै जिम्मेवार बनाउनुपर्नेमा जोड दिईयो । प्राधिकरणले स्थानीय तहमा स्थानीय मनसुन पूर्वतयारी योजना बनाउन समन्वय गरिरहेको छ ।